थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
५ नं प्रदेश, नेपाल।

## सेवा करारमा पद पूर्ति गर्नेसम्बन्धी सूचना

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको स्थानीय तहको दरबन्दी तेरिजअनुसार यस गाउँपालिकामा रिक्त रहेको देहायको पद सेवा करारमा पूर्ति गर्ने भनी गाउँ कार्यपालिकाको मिति २०७५ असोज ०५ गतेको वैठकको निर्णयअनुसार तपशीलको शर्तहरुको अधीनमा रही कामकाज गर्न इच्छुक देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुका लागि दरखास्त आव्हान गरिएको छ।

| क्र सं | विज्ञापन नं | पद | माग गरिएको पद सङ्ख्या |
|---|---|---|---|
| १ | १-२०७५/७६ | इन्जिनियर | १ |

**शर्तहरु**

१. न्यूनतम शैक्षिक योग्यता – मान्यताप्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ।
२. परीक्षाको किसिम – लिखित तथा अन्तर्वार्ता (उम्मेदवार छनौट तथा सिफारिश समितिले तयार गरेको मापदण्डको आधारमा)
३. आवेदन दिने अन्तिम मिति – सूचना प्रकाशित भएको मितिले १५औँ दिनको कार्यालय समयभित्र।
४. आवेदन पेश गर्ने स्थान – प्रशासन शाखा, थबाङ गाउँ कार्यपालिकाको कार्यालय, थबाङ, रोल्पा।
५. आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु – शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, अनुभवसम्बन्धी प्रमाणपत्र तथा अन्य आवश्यक कागजातको प्रतिलिपिहरु।
६. दरखास्त फाराम दस्तुर – रु. १५००/- (पन्ध्र सय रुपैयाँ मात्र)
७. दस्तुर बुझाउने स्थान – यस गाउँपालिकाको जनता बैङ्क नेपाल लि थबाङ शाखामा रहेको आन्तरिक राजश्व शाखामा दस्तुर रकम जम्मा गरी सक्कलै बैङ्क भौचर फारामसाथ पेश गर्नुपर्नेछ।
८. दरखास्त फाराम दर्ता – लोक सेवा आयोगको वेबसाइटबाट डाउनलोड गरिएको फाराम भरी गाउँ कार्यपालिकाको कार्यालय थबाङ, रोल्पामा तोकिएको अवधिभित्र फाराम बुझाइसक्नु पर्नेछ।
९. तलब स्केल – नेपाल सरकारले तोकेको मापदण्डबमोजिम।
१०. अन्य सुविधा – नेपाल सरकारले तोकेको मापदण्डबमोजिम।
११. कामकाज गर्नुपर्ने स्थान – गाउँपालिका क्षेत्रभित्रका ५ वटै वडाहरु र कार्यालयले खटाएको अन्य स्थान समेत।

थप जानाकारीको लागि- थबाङ गाउँ कार्यपालिकाको कार्यालय, थबाङ, रोल्पा।
वेबसाइट-www.thabangmun.gov.np
इमेल – thabangrm58@gmail.com
surya.deeps07@gmail.com
फोन नं – ९८५७८२४७५०/९८४९८८६४८३/९८४७८९७३३८

प्रमुख प्रशासकीय अधिकृत